FACTSHEET

NSW शिक्षा विभाग

# Student use of mobile phones in schools

Information for parents and carers

# विद्यालयमा विद्यार्थीहरूबाट मोबाइल फोनको प्रयोग

आमाबाबु र हेरचाहकर्ताहरूको लागि जानकारी

## हालसालैबाट माध्यमिक विद्यालयहरूमा मोबाइल फोनमा प्रतिबन्ध लगाइएको छ

माध्यमिक विद्यालयहरूमा मोबाइल फोन प्रयोगको प्रतिबन्ध NSW सार्वजनिक प्राथमिक विद्यालयहरूमा पहिले नै लागू गरिएको प्रतिबन्धका आधारमा गरिएको हो।

यो प्रतिबन्ध कक्षाको समयमा, विश्रामको समयमा र खाजाको समयमा लागू हुन्छ । विद्यार्थीहरूलाई स्कूल जाने र घर फर्किने क्रममा फोन बोक्न अनुमति छ।

प्रधानाध्यापक र शिक्षकहरूले शैक्षिक उद्देश्यका लागि वा विद्यार्थीको सिकाइ र कल्याणका क्षेत्रमा  उचित समायोजन मिलाउने एक अंशको रुपमा मोबाइल फोनको प्रयोगलाई पनि अनुमति दिन सक्छन्।

प्रतिबन्धको कार्यान्वयनमा सहयोग गर्न, NSW शिक्षा विभागले विद्यालयहरूलाई थुप्रै कार्यान्वयन विकल्पहरूमा आफ्ना स्थानीय समुदायहरूसँग परामर्श गर्न आग्रह गरेको थियो।

यसमा निम्न विकल्पहरू समावेश थिए:

**बन्द गर्ने र थन्काउने:** फोनहरू बन्द गरेर थन्काउने (सामान्यतया विद्यार्थीको स्कूल ब्यागमा राख्ने) । फोनहरू स्कूल दिनको अवधिको लागि प्रयोग नगर्ने।

**लकरमा फोनहरू:** विद्यार्थीहरूले आफूसँग फोन नबोक्ने; तिनीहरूलाई स्कूल दिनको अवधिको लागि लकरमा राख्नुपर्ने।

**लक गरिएको फोन 'पाउच':** विद्यार्थीहरूले आफ्नो फोन चुम्बकीय रूपमा लक गरिएको 'पाउच' (झोला) मा राख्नुपर्ने र स्कूल दिनको अवधिको लागि आफ्नो फोन प्रयोग गर्न नपाउने । स्कूल दिनको अन्त्यमा पाउचहरू चुम्बकीय रूपमा खुला हुने।

**फ्रन्ट अफिसमा फोनहरूको सङ्कलन:** विद्यार्थीहरूले स्कूल दिनको सुरुमा स्कूलको फ्रन्ट अफिसमा आफ्नो फोन छोड्ने र स्कूल दिनको अन्त्यमा (वा स्कूल परिसर छोड्दा) सङ्कलन गर्ने।

**कक्षाको सुरुमा फोनहरू सङ्कलन:**  कक्षाको सुरुमा शिक्षकद्वारा फोन सङ्कलन र भण्डारण गर्ने, र कक्षा समाप्त भएपछि र/वा विद्यार्थी कक्षाकोठाबाट बाहिर निस्केपछि विद्यार्थीलाई फर्काइने।

व्यक्तिगत विद्यालय समुदायहरूले नीति कार्यान्वयनको लागि कुन विकल्प अपनाउने भन्ने निर्णय गरे।

## विद्यालयको समयमा अभिभावक र हेरचाहकर्ताहरूसँग विद्यार्थी सञ्चार

यस्तो समय आउन सक्छ जब स्कूलको दिनमा  अभिभावक वा हेरचाहकर्ताहरूले विद्यार्थीहरूलाई वा विद्यार्थीहरुले अभिभावक वा हेरचाहकर्ताहरूलाई सम्पर्क गर्न आवश्यक हुन्छ । यदि यो जरुरी पर्यो भने अभिभावक र हेरचाहकर्ताहरूले स्कूल कार्यालयमार्फत स्कूलसँग सम्पर्क गर्न सक्नेछन् र विद्यार्थीहरूले स्कूल कार्यालयमार्फत अभिभावक वा हेरचाहकर्ताहरूलाई पनि सम्पर्क गर्न सक्नेछन्।

### टेलिफोन दोभाषे सेवा

यदि तपाईं थप जानकारी चाहनुहुन्छ भने कृपया स्कूलमा फोन गर्नुहोस् । यदि तपाईंलाई आफ्नो सोधपुछमा सहयोग गर्न दोभाषे चाहिन्छ भने, कृपया टेलिफोन दोभाषे सेवालाई 131 450 मा फोन गर्नुहोस् र आफ्नो भाषामा दोभाषे माग्नुहोस्।

सञ्चालकलाई तपाईंले फोन गर्न चाहेको फोन नम्बर बताउनुहोस् र सो सञ्चालकले तपाईंलाई कुरा गर्न सहयोग गर्न लाइनमा दोभाषे जोडिदिनेछ । तपाईंलाई यो सेवाको लागि शुल्क लाग्ने छैन।

NSW GOVERNMENT